# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक १६९ | काठमाडौं | सोमबार, २२ असोज २०८० | Prabhab National Daily | Monday, October 9, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


इजरायल-प्यालेस्टिनी द्वन्द्व

# १० नेपालीले गुमाए ज्यान

## चार घाइते, एक सम्पर्कविहीन

मृतक १० जनाको शव नेपाल पठाउन व्यवस्थापन मिलाइरहेका छौं । बाँकी घाइते र बंकरमा सुरक्षित रहेकाहरूलाई पनि चाँडोभन्दा चाँडो उद्धार गर्न प्रयासरत छौं ।

■ कान्ता रिजाल
नेपाली राजदूत

- मृतकहरु नारायणप्रसाद न्यौपाने, गणेशकुमार नेपाली, आशिष चौधरी, दीपेशराज विष्ट, आनन्द साह, राजेशकुमार स्वर्णकार, राजन फुलरा, पदम थापा, प्रवेश भण्डारी र लोकेन्द्रसिंह धामी
- प्यालेस्टाइनी लडाकु समूह हमासले शनिबार बिहान गरेको रकेट आक्रमणमा उनीहरु परेका हुन् ।
- विधान सेजुवाल, प्रवीण डाँगी, धनबहादुर चौधरी र हिमाञ्चल कट्टेल घाइते । सेजुवाल र डाँगीको अवस्था गम्भीर ।



■ जेबी योञ्जन

**काठमाडौं–** मध्यपूर्वी देश इजरायलमा प्यालेस्टाइनको लडाकु समूह हमासले शनिबार बिहानै सेदोत नेगेभको किवुज अलुमिनमा गरेको आक्रमणमा परी १० जना नेपाली विद्यार्थीको मृत्यु भएको पुष्टि भएको छ ।

इजरायलस्थित नेपाली राजदूत कान्ता रिजालका अनुसार कैलालीको घोडाघोडी-४ का नारायणप्रसाद न्यौपाने, बझाङको जयपृथ्वी-४ का गणेशकुमार नेपाली, कैलालीको बाउनिया-३ का आशिष चौधरी, दार्चुलाको लेकाम-५ का दीपेशराज विष्ट र धनुषाको सपही-६ का आनन्द साहको आक्रमणमा परी मृत्यु भएको हो ।

त्यसैगरी सुनसरीको मधुवन-१ का राजेशकुमार स्वर्णकार, डोटीका पाँचनली-३ का राजन फुलरा, सोही जिल्लाको लमिखाल-८ का पदम थापा, सल्यानको शारदा-३ का प्रवेश भण्डारी र दार्चुलाको मालिकार्जुन-४ का लोकेन्द्रसिंह धामीको पनि मृत्यु भएको छ ।

आक्रमणमा परी घाइते भएकामध्ये चार जना उपचाररत छन् । राजदूत रिजालले सल्यानकै शारदा-२ का विधान सेजुवाल, दाङका प्रवीण डाँगी, कैलालीको टीकापुर-९ का धनबहादुर चौधरीसँगै गोरखाको गोरखा नगरपालिका-८ का हिमाञ्चल कट्टेल घाइते भएको बताएकी छन् । सेजुवाल र डाँगीको अवस्था गम्भीर रहेको बताइएको छ । कञ्चनपुरको भीमदत्त-३ का विपीन जोशी भने सम्पर्कविहीन छन् ।

उनीहरूको शव नेपाल पठाउन चाँजोपाँजो मिलाइरहेको राजदूत रिजालको भनाइ छ । 'मृतक १० जनाको शव नेपाल पठाउन व्यवस्थापन मिलाइरहेका छौं । बाँकी घाइते र बंकरमा सुरक्षित रहेकाहरूलाई पनि चाँडोभन्दा चाँडो उद्धार गर्न प्रयासरत छौं,' रिजालले भनिन् ।

ती नेपाली विद्यार्थीहरू गत भदौ १८ र १९ गते प्रयोगात्मक सिकाइका लागि ११ महिनाको 'लर्न एण्ड अर्न प्रोग्राम'का लागि सेदोत नेगेभ क्षेत्रमा पुगेका थिए । उनीहरू सुदूरपश्चिम विश्वविद्यालयको कृषि संकायका आठौं सेमेस्टरका विद्यार्थी हुन् ।

शनिबार बिहान ६ बजेदेखि ७ बजेको समयमा उनीहरू बसेको क्याम्पभित्र हमासका लडाकुहरू प्रवेश गरी अन्धाधुन्ध गोली प्रहार गरेका थिए ।

इजरायलस्थित नेपाली दूतावासका अनुसार सुदूरपश्चिम विश्वविद्यालयले सेदोत नेगेभ कृषि तालिम केन्द्रमा ४९ जना नेपाली विद्यार्थी पठाएका थिए । जसमध्ये ११ जना छात्रा छन् । उनीहरू रहेको यस क्षेत्र द्वन्द्वग्रस्त हमास नियन्त्रित गाजा क्षेत्रबाट नजिकै पर्छ । ४९ जना विद्यार्थीलाई छ वटा समूहमा विभाजन गरी अलग-अलग कृषि फार्ममा पठाएका थिए । ३२ जना कृषि विद्यार्थीहरू भने विभिन्न कृषि फार्ममा रहेको बंकरमा सुरक्षित छन् । नेपालबाट यो कार्यक्रमका लागि २६५ विद्यार्थी पुगेको परराष्ट्र मन्त्रालयले जनाएको छ । जसमा कृषि विश्वविद्यालयबाट ११९ जना, त्रिभुवन विश्वविद्यालयबाट ९७ जना र सुदूरपश्चिम विश्वविद्यालयबाट ४९ जना रहेका छन् ।

(बाँकी पृष्ठ २ मा)

## शीघ्र उद्धारको माग

सत्तारूढ दल नेपाली कांग्रेसले इजरायलमा रहेका नेपालीको उद्धार तथा स्वदेश फर्काउन सरकारसँग माग गरेको छ । सभापति शेरबहादुर देउवाले आइतबार वक्तव्य जारी गर्दै केही नेपाली घाइते भएको र केही बन्धक बनाएको भन्दै इजरायलस्थित नेपालीहरूलाई तत्काल सुरक्षित स्थानमा पुऱ्याउन माग गरेका हुन् । विज्ञप्तिमा भनिएको छ, 'आवश्यक उद्धार गर्ने र यथासम्भव स्वदेश फर्काउनका लागि नेपाल सरकारले अविलम्ब कूटनीतिक पहल गर्न नेपाली कांग्रेस जोडदार माग गर्दछ ।'

इजरायलमा रहेका नेपालीलाई स्वदेश फर्कने वातावरण निर्माण गरिदिन छिमेकी देशहरू, अन्तर्राष्ट्रिय मानवअधिकारवादी संघसंस्था, आप्रवासनसम्बन्धी संगठन, अन्तर्राष्ट्रिय रेडक्रस समितिलगायत सम्बद्ध सबै अन्तर्राष्ट्रिय समुदायहरूसँग देउवाले आग्रह गरे ।

संसद्को प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पनि युद्धग्रस्त देश इजरायलबाट नेपालीहरूको उद्धार कार्य प्रभावकारी बनाउन सरकारसँग माग गरेका छन् । अन्य दलका नेताहरूको पनि शीघ्र उद्धारको माग छ ।

सन्दर्भ : वैदेशिक रोजगार

# रोजगारीका लागि इजरायल पुगेका ४५ सयभन्दा बढी नेपाली प्रभावित

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि आकर्षक गन्तव्य मानिएको इजरायल पुन: द्वन्द्वले तनावग्रस्त बनेको छ । प्यालेस्टाइनी हमास समूहले गरेको आक्रमणबाट सयौंको मृत्यु भएपछि इजरायलले जवाफी कारबाही सुरु गरिसकेको छ । यसबाट रोजगारी तथा पढाइका लागि इजरायल पुगेका नेपालीहरु पनि प्रभावित भएका छन् । यो समाचार तयार पार्दासम्म १० जना नेपालीले ज्यान गुमाइसकेका छन् । केही घाइते तथा बेपत्ता भएका छन् ।

परराष्ट्र मन्त्रालयका अनुसार इजरायलमा रोजगारीका लागि पुगेका चार हजार ५०० नेपाली छन् । उनीहरू केयर गिभरका रूपमा कार्यरत रहेको मन्त्रालयले जनाएको छ । यो संख्या अझै बढी हुन सक्ने गैरआवासीय नेपाली संघ (एनआरएनए) इजरायलले बताएको छ । (बाँकी पृष्ठ २ मा)

सबै नेपालीको सुरक्षा प्रबन्ध गर्ने र उनीहरूको सकुशल उद्धार गर्नु सरकारको दायित्व हो । जति पनि नेपाली छन्, रोजगारीकै लागि गएका हुन्, स्थिति सामान्य नभएसम्म सरकारले उनीहरूलाई वैकल्पिक व्यवस्था गर्ने वा स्वदेश फर्काउने भन्ने तत्काल निर्णय गर्नुपर्छ ।

■ डा. गणेश गुरुङ
आप्रवासन विज्ञ


## प्रेस विज्ञप्ति

हमास समूहले मिति २०८०/६/२० गते तद्अनुसार ७ Oct. २०२३ मा इजारायलका विभिन्न शहरमा मिसाइललगायतका हतियारबाट गरेको आक्रमणमा परी मानिसहरूको मृत्यु भएको, घाइते भएका, अपहरणमा परेको तथा हमासका लडाकुहरू इजरायल प्रवेश गरी आक्रमण गरेको र त्यसको प्रतिकारमा इजरायली सरकारले गाजापट्टीलगायतका शहरहरूमा आक्रमण गरेको विषयमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गम्भीर ध्यानाकर्षण भएको छ । विश्वका जुनसुकै स्थान, जुनसुकै समूहद्वारा जुनसुकै उद्देश्यका लागि गरिएको भएपनि हत्या, हिंसा, आतंकको विरोध गर्दै हमासद्वारा सर्वसाधारणमाथि गरिएको आक्रमण र इजरायलले सर्वसाधारण नागरिकको सम्पत्ति र ज्यानको सुरक्षाका निम्ति गरेको आक्रमणको ध्यानाकर्षण गराउँदै दुवै पक्षलाई संयमता अपनाइ वार्ताको माध्यमबाट समस्या समाधान गर्न अनुरोध गर्दछौं । सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकायअन्तर्गत BSC Agriculture ब्याचका ४९ जना विध्यार्थी LEARN AND EARN कार्यक्रमअन्तर्गत इजरायल गएको र तीमध्ये १० जना विद्यार्थीहरूले आतंककारी हमलामा परी ज्यान गुमाएको खबरले मर्माहत तुल्याएको छ। मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली तथा शोक सन्तप्त परिवारमा गहिरो समवेदना अर्पण गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्दछौं । इजरायलमा रहेका नेपालीहरूले इजरायल सरकारको निर्देशन पालन गर्नुहुन, समस्यामा परेमा इजरायलस्थित नेपाली दूतावास, इजरायलस्थित गैर आवसीय नेपाली संघ र नेपाली संघ संस्थासँग मद्दत माग्नु हुन अनुरोध गर्दछौं ।

वर्तमान अवस्थामा वैदेशिक रोजगार व्यवसायीहरूले इजरायलमा कामदार नपठाउने र नेपाल सरकारले पठाएता पनि नेपाली कामदारप्रति नेपाल वैदेशिक रोजगार व्यवसायी संघ सदैव जिम्मेवार रहने कुरा अवगत गराउँदै इजरायलमा रहेका नेपाली नागरिकहरूलाई आवश्यक पर्ने सबै सहयोग उपलब्ध गराउन, नेपालीहरूको अवस्थाबारे नियमितरूपमा जानकारी लिन र उद्धार गर्नुपर्ने भए उद्धार गर्न इजरायलस्थित नेपाली दूतावास, नेपाल सरकारसँग अनुरोध गर्दै केही सहयोग आवश्यक पर्ने भएमा सेवा लम्साल, प्रवक्ता/सह-सचिव, परराष्ट्र मन्त्रालय ९८५१३१०२२९, शरदराज आरण, सह-सचिव, परराष्ट्र मन्त्रालय ९८४४९५८५८, दुरपदा सापकोटा, उप-सचिव, परराष्ट्र मन्त्रालय ९८४१४०३३६२, कृष्ण सिलवाल, शाखा अधिकृत, परराष्ट्र मन्त्रालय ९८४९१७९५२०, नेपाली राजदूतावास, तेल अविव, इजरायल कान्ता रिजाल, राजदूत +९७२५४५८६४४२३, अर्जुन घिमिरे, प्रथम सचिव +९७२५२८२८९३०० नेपाली दूतावास इजरायलको टेलिफोन नं +972(0)35168085, +972(0)35100111, +972546871258 श्रीकृष्ण भण्डारी अध्यक्ष NRNA इजरायल, +972546513486 भेषराज पाण्डे उपाध्यक्ष NRNA इजरायल, +972543804511 विशाल ज्ञवाली NRNA ICC सदस्य इजरायल, नेपाल वैदेशिक रोजगार व्यवसायी संघको +9779801097882 मा सम्पर्क गर्न र नेपालीहरूको अवस्थाबारे बुझेर आवश्यक समन्वय र सहयोग गर्न गैर आवसीय नेपाली संघ इजरायलसमक्ष नेपाल वैदेशिक रोजगार व्यवसायी संघ हार्दिक अनुरोध गर्दछ ।

राजेन्द्र भण्डारी
अध्यक्ष

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
तिलगंगा-८, काठमाडौं, फोन नं.०१-४५८०८६९/४५८४४१८, ९८०१०९७८८२





चाडपर्व लक्षित विशेष सुरक्षा योजना लागू

# देशभर ५० हजार ५३० प्रहरी परिचालन

■ प्रभाव संवाददता




**काठमाडौं–** नेपाल प्रहरीले दसैं, तिहार तथा छठ पर्वलाई लक्षित गर्दै आइतबारदेखि विशेष सुरक्षा योजना लागू गरेको छ । विशेष सुरक्षा योजनाअन्तर्गत देशभर कूल ५० हजार ५३० जना प्रहरी खटाइएको केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कुवेर कडायतले जानकारी दिए ।

उनका अनुसार विगतका चाडपर्वमा भएको सुरक्षा कमीकमजोरीलाई मध्यनजर राख्दै केन्द्रीय सुरक्षा योजनासहित सबै प्रहरी युनिटले आ-आफ्नै सुरक्षा चुनौतीअनुसार सुरक्षा योजना तयार पारी यस वर्षको दसैं तिहार सुरक्षा योजनालाई बलियो र मजबुत पारिएको छ ।

दसैं तिहारको समयमा नेपाल प्रहरीका गण तथा गुल्ममा रिजर्भमा रहेको फोर्सलाई समेत परिचालन गरिएको प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कडायतले बताए । घर बन्द गरेर तस्बिर खिचेर घर खाली भएको जानकारी हुनेगरी सामाजिक सञ्जालमा पोस्ट नगर्न पनि प्रहरीले आग्रह गरेको छ ।

चाडपर्वमा आपराधिक क्रियाकलाप बढी हुने भएकाले त्यसतर्फ सबैले चनाखो भएर लाग्न तथा आफ्ना घर, छिमेकमा त्यहाँ गतिविधि भएमा वा हुने संकेत देखिएमा तत्काल नजिकको प्रहरी युनिटमा वा निःशुल्क नम्बर १०० मा खबर गर्न समेत प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कडायतले आग्रह गरे ।

प्रहरी प्रधान कार्यालयले चाडपर्व लक्षित विशेष सुरक्षा योजना आजदेखि देशैभरका प्रहरी युनिटहरूमा लागू गर्न सर्कुलर जारी गरेको छ । दसैं तिहार विशेष सुरक्षा योजना लागू भएसँगै सम्भावित जोखिम क्षेत्रको पहिचान गरी चोरी तस्करीलगायत आपराधिक क्रियाकलाप रोक्नका लागि प्रहरी चौबिसै घण्टा खटिइने प्रवक्ता कडायतले बताए ।

## १० नेपालीले...

पृष्ठ १ बाट जारी

परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले युद्धग्रस्त इजरायलमा नेपालीहरूको स्थिति यकस्न गराउन सम्पूर्ण संयन्त्र परिचालन गरिएको दाबी गरे । उनले इजरायलमा भएको घटनालाई सरकारले गम्भीरताका साथ लिएको पनि बताए । इजरायलमा हाल चार हजार ५०० नेपाली 'केयर गिभर'का रूपमा कार्यरत छन् ।

आइतबार नै मन्त्री साउद संयोजक रहेको सबै सरोकारवाला निकायहरू सम्मिलित एक समन्वय संयन्त्र पनि स्थापना भएको छ । संयन्त्रले घटनाको निरन्तर अनुगमन र वस्तुस्थितिको समग्र मूल्यांकन गरेर नेपालीहरूको अवस्था पहिचान गर्ने, उद्दार गर्नुपर्ने अवस्थामा उक्त कार्य समेत गर्न आवश्यक निर्णय लिने, समन्वय तथा सहयोग गर्नेलगायतका सम्पूर्ण कार्य गर्ने भनिएको छ ।

परराष्ट्र मन्त्रालयकी प्रवक्ता सेवा लम्सालले द्वन्द्वग्रस्त क्षेत्रमा रहेका नेपालीहरूलाई इजरायल सरकारले जारी गरेका सुरक्षा सन्देशहरू र प्रोटोकलहरू पालना गर्न आग्रह गरेकी छन् । सुरक्षित ठाउँ (बंकर)मा बस्न र बंकरदेखि बाहिर नजान पनि उनको आग्रह छ ।

'इजरायलको सबै घरमा बंकर हुन्छ भन्ने जानकारी छ । त्यसले गर्दा नेपाली दाजुभाइ दिदीबहिनीहरूलाई सुरक्षा संवेदनशीताका कारण बंकरमा बस्न र बाहिर नजान सुरक्षा अपिल गर्छु,' उनले प्रभावसँग भनिन्, 'साथै, इजरायल सरकारले जारी गरेका सुरक्षा सन्देश र प्रोटोकलहरूको पनि कडाइका साथ पालना गर्न अनुरोध गर्दछु ।'

द्वन्द्वग्रस्त क्षेत्रमा रहेका आफ्ना विद्यार्थीहरूलाई सुरक्षित स्थानमा पुऱ्याउन चितवनको रामपुरस्थित कृषि विश्वविद्यालयले सरकारसँग आग्रह गरेको छ । रजिस्ट्रार शारदा थपलियाले आइतबार विज्ञप्ति जारी गर्दै इजरायलमा विश्वविद्यालयका ११९ जना विद्यार्थी रहेको बताएकी छन् ।

कृषि विश्वविद्यालयबाट यसै वर्ष ११३ जना र अघिल्लो वर्षमा छ जना विद्यार्थी इजरायल पुगेका थिए । त्यहाँका विद्यार्थीसँग नियमित सम्पर्क भइरहेको र स्थानीय सुरक्षा प्रणालीबाट अनुरोध भएअनुसार सुरक्षा विधि अपनाउन सुझाव दिएको रजिष्ट्रार थपलियाले बताएकी छन् ।

इजरायल-हमास लडाकुबीचको संघर्ष जारी छ । इजरायलले प्यालेस्टाइनी सहर गाजामा आक्रमण जारी राखेको छ । त्यहाँका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुँले इजरायल प्रवेश गरेका हमासका लडाकुहरूलाई पहिलो चरणको प्रत्याक्रमणको केही घण्टामै परास्त गर्ने चेतावनी दिइसकेका छन् ।

नेपालस्थित परिवारका सदस्यहरूले भने इजरायलमा रहेका आफन्तहरूको उद्धार कार्य छिटो थाल्न आग्रह गरिरहेका छन् । केहीले उद्धार कार्य ढिला भएको भन्दै सरकारविरुद्ध आक्रोश पोख्न थालेका छन् । बंकरमा सुरक्षित साथ रहेका नेपालीहरूले पनि पानीमात्रै खाएर बस्नुपरेको भन्दै उद्धारको अपेक्षा गरिरहेका छन् । तर, उद्धार कार्यमा इजरायलस्थित नेपाली राजदूतावास चुकेको छ ।

## रोजगारीका...

पृष्ठ १ बाट जारी

एनआएनएका अनुसार नेपाली सहायक कामदार पठाउन जिटुजी सम्झौता हुनुअघि विभिन्न माध्यमबाट इजरायल पुग्ने नेपालीको संख्या ठूलो छ । झण्डै एक हजार २०० नेपाली जिटुजी सम्झौता गरेयता सरकारी तवरबाट रोजगारीका लागि इजरायल पुगेको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाएको छ ।

यस्तै, परराष्ट्रमन्त्री एनपी साउदले संसद्मा दिएको जानकारीअनुसार २६५ जना नेपाली विद्यार्थी 'लर्न एण्ड अर्न' कार्यक्रमअर्न्तगत इजरायल गएका छन् । यसरी गएकामध्ये नेपालको कृषि विश्वविद्यालयबाट ११९ जना, त्रिभुवन विश्वविद्यालयबाट ९७ जना र सुदूरपश्चिम विश्वविद्यालयबाट ४९ जना गएको उनले सदनलाई जानकारी दिए । जसमा सुदूरपश्चिम विश्वविद्यालयबाट गएका विद्यार्थीमध्ये १७ जना दक्षिण इजरायलको गाजा क्षेत्र नजिक किवुज अलुमिम भन्ने स्थानमा रहेका कारण आक्रमणमा परेको बताइएको छ ।

इजरायलको तेलअभिभस्थित नेपाली राजदूतावासले परराष्ट्र मन्त्रालयलाई दिएको जानकारी अनुसार हमास समूहको आक्रमणमा परी १० जनाको मृत्यु भएको छ । चार जना घाइतेको उपचार भइरहेको छ । बाँकी दुई जना सकुशल छन् ।

गाजा क्षेत्रमा हमासले आक्रमण गरेपछि इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले यसलाई युद्धको संज्ञा दिंदै यो युद्ध लम्बिने बताइसकेका छन् । यस्तो अवस्थामा रोजगारीमा गएका र कृषि क्षेत्रमा इन्टर्न गरिरहेका विद्यार्थीहरू प्रभावित हुने देखिएको छ । प्रभावित नेपालीहरूको वास्तविक स्थिति पहिचान गरी सुरक्षित तवरले रहने प्रबन्ध मिलाउन र उद्धार तथा सहयोगका लागि इजरायल सरकारसँग आवश्यक समन्वय र सहजीकरण भइरहेको परराष्ट्रमन्त्री साउदले बताएका छन् ।

अधिकांश नेपाली आकर्षक कमाइ हुने भन्दै इजरायलमा केयर गिभरको रूपमा जाने गरेका छन् । साथै, कृषि क्षेत्रमा पनि तालिम र अध्ययनका लागि भन्दै थुप्रै नेपाली इजरायल पुग्ने गरेका छन् । अहिलेको युद्धले नेपालीहरूले पाइरहेको रोजगारीको क्षेत्र पनि प्रभावित हुन सक्ने देखिएको आप्रवासन विज्ञ डा. गणेश गुरुङले बताए ।

'त्यहाँ भएका सबै नेपालीको सुरक्षा प्रबन्ध गर्ने र उनीहरूको सकुशल उद्धार गर्नु सरकारको दायित्व हो,' उनले भने, 'जति पनि नेपाली छन्, रोजगारीकै लागि गएका हुन्, स्थिति सामान्य नभएसम्म सरकारले उनीहरूलाई वैकल्पिक व्यवस्था गर्ने वा स्वदेश फर्काउने भन्ने तत्काल निर्णय गर्नुपर्छ ।'

इजरायलले भर्खरै मात्र दीर्घकालीन स्याहार केन्द्रमा काम गर्न थप ५०० सहायक कामदारको माग गरेको छ । तर, द्वन्द्वका कारण तत्काललाई रोकिने सम्भावना रहेको वैदेशिक रोजगार विभागका निर्देशक एवं सूचना अधिकारी कविराज उप्रेतीले बताए । उनका अनुसार पहिलो चरणमा झण्डै एक हजार २०० कामदार गइसकेका छन् भने दोस्रो चरणमा थप ५०० जनाको माग गरिएको हो । इजरायल जाने कामदारको मासिक आम्दानी दुई लाख रुपैयाँभन्दा बढी हुने बताइन्छ । वार्षिक रूपमा आउने रेमिट्यान्सको यकीन तथ्यांक नभए पनि इजरायल जाने कामदारबाट रेमिट्यान्समा पनि महत्त्वपूर्ण योगदान रहेको राष्ट्र बैंकले जनाएको छ ।


### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०६/२२ गते)

श्री भगौती प्रसाद तिवारीको बुहारी, श्री रामपति तिवारीको पत्नी बाँके जिल्ला साबिक बनकट्टी गा.वि.स. वडा नं ०६, स्थायी ठेगाना भई हाल बाँके जिल्ला डुडुवा गाउँपालिका वडा नम्बर ०३, बस्ने श्री कमला देवी तिवारीको मिति २०८०।०२।१६ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको नेपालगंज, सुर्खेत रोड शाखामा रहेको खाता नं. २२२०२०६७७९१००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरा श्री अमोद कुमार तिवारीले यस बैंकको नेपालगँज सुर्खेत रोड शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्रमा आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै कागज सहित यस बैंकको शाखा कार्यालय नेपालगंज, सुर्खेत रोडमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय नेपालगँज सुर्खेत रोड फोन नं ०८१-४१५२३१/४१५२३६

### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०६/२२ गते)

श्री नैना नन्द गुरागाईको छोरा/छोरी, कमला देवी गुरागाईको पति, मोरङ्ग जिल्ला, इटहरा वडा नं. ०४ स्थायी बसोबास भई हाल मोरङ्ग जिल्ला, बिराटनगर न.पा. वडा नं. ०५ घर भएका डिल्लीराम गुरागाईको ८० बर्षको उमेरमा मिति वि.सं. २०८०/०४/१९ मा निधन भएकोले निजको नाममा यस बैंकको विराटनगर शाखामा रहेको नागरिक बचत खाता, खाता नं. ००२०१४४५७८७००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाउँ भनी निज खातावालाको छोरी, सबिना गुरागाईले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक/निवेदिका बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय विराटनगरमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय विराटनगर, मोरङ्ग फोन नं. ०२१-५७७१०३/१०४

### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०६/२२ गते)

डण्डपानी कंडेलको नातिनी नन्दलाल कंडेलको छोरी दुर्गादत्त सापकोटाको श्रीमति नवलपरासी जिल्ला गैडाकोट न.पा., वडा नं. ०२ (हाल नवलपरासी जिल्ला, गैडाकोट न.पा. वडा न ०२) बस्ने कुन्ती सापकोटा (ना.प्र.नं ८६८/४५, जारी मिति २०४४/१२/२४, जिल्ला प्रशासन कार्यालय, नवलपरासी) को मिति २०७९/१०/१२ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको गैडाकोट शाखामा रहेको व्यत्तिगत खाता कुन्ती सापकोटाको खाता नं. १०६००८१२८५३००००१ मा रहेको मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको दुई छोराहरु नन्दराम सापकोटा र भुमीराज सापकोटाले यस बैंकको गैडाकोट शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय गैडाकोटमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय गैंडाकोट, नवलपरासी फोन नं. ०७८-५०३०११/५०३२२७



### निमन्त्रणा

कार्बन इम्प्याक्ट क्यापिटल (Carbon Impact Capital Pte. Ltd.), क्लिन इन्टरनेशनल (Clean International) र गुरुत्वाकर्षण पानी नेपाल (Gravity Water Nepal) सँगको साझेदारीमा सरोकारवालाहरु सँग एक दिने परामर्श कार्यक्रमको आयोजना गरिएको छ । जस अन्तर्गत यस बागमति प्रदेशका सामुदायिक स्कुलहरुमा आकाशेपानी सकंलन र फिल्ट्रेसन प्रणाली जडानको विषयमा छलफल गर्न सरोकारवाला व्यक्ति/सस्थाहरुलाई हार्दिक निमन्त्रणा गरिन्छ।



स्थान : धुलिखेल नगर कार्यपालिकाको कार्यालय हल
मिति : २०८०, कार्तिक २४ (10th Nov., 2023)
समय : बिहान ११ बजेदेखि ०२ बजेसम्म

कार्यक्रम सयोजकः समुन्द्र गिरी
अध्यक्ष, गुरुत्वाकर्षण पानी नेपाल
९८४९६५९४८६, ९८५१०९६२६६, ९८४९०४९८१४



### पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि.

बागबजार, काठमाण्डौ

### कर्जा चुत्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सुचना

प्रथम पटक प्रकाशित मिती २०८०/६/२२ यस संस्थाबाट कर्जा लिनु भएको तपसिलमा उल्लेखित ऋणीले एस संस्थासँग कर्जा लिदा तमसुक लगाएतका लिखतहरुमा उल्लेखित सर्त बन्देजहरु बमोजिम सावा/व्याज करम समय समयमा भुक्तानी गर्नु पर्नेमा नतिरी नबुझाई तोकिएको भाखा अवधी भित्रको शर्त तथा कवुलियत नामामा उल्लेखित नियमहरु उल्लंघन गर्नु भएकोले बक्यौता (सावा/व्याज र हर्जना) रकम भुक्तनी गर्नका लागी यस संस्थाबाट पटक पटक मौखिक तथा लिखित तर/ताकेता गरि सम्बन्धित ऋणी, साक्षी र जमानीकर्तालाई जानकारी गराउदासमेत बेवास्था गरी कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेकोले कर्जा चुक्ता गर्न आउने बारे ३५ (पैतिस) दिने सार्वजानिक सूचना प्रकाशित गरिएको छ। उक्त समय भित्र आफ्नो समपूर्ण साँवा/व्याज र हर्जना रकम बुझाई ऋण चुक्ता गर्नु हुन यसै सुचनाद्धारा जानकारी गरिन्छ। माथि उल्लेखित समयवधि भित्र ऋणीले कर्जा नतिरेमा ऋणी तथा जमानीकर्ता आफै ले उक्त कर्जा लिदाँ गरेको व्यक्तीगत धनजमानी, लिखितका शर्त कबुल अनुसार आफ्नो जिम्मेवारी, दायित्वमा पर्न जाने हुदाँ कर्जासँग सम्बद्ध सबै पक्षहरुलाई यसै सुचना मार्फत जानकारी गराईन्छ। तोकिएको अवधी भित्र पनि साँवा, व्याज हर्जना रकम चुक्त नगरेमा सहकारी ऐन २०७४ तथा नेपालको प्रचलित अन्य बिद्यमान कानूनमा व्यवस्था भए अनुसार कर्जा असुल उपर गरिनुका साथै कालो सूचिमा समावेश गर्नको लागी आवश्यक प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ

**ऋणी को तीन पुस्ते विबरण**




झम बहादुर राईको नातीनी कनक बहादुर राईको छोरी
रसुवा जिल्ला लहरेपौवा गा.वि.स वडा नं-२ बस्ने वर्ष ३७
ना.प्र.नं २३/०१/७३/०१३६६ को प्रमिला राई घले



हेम बहादुर घले को नाती कुबेर बहादुर घले को छोरा
रसुवा जिल्ला लहरेपौवा गा.वि.स वडा नं-२ बस्ने वर्ष ३९
ना.प्र.नं ७१२८/५७ को बिनोद कुमार घले

**धनजमानी कर्ताको विबरण**



मणीराम गैरेको नाती कलाधर गैरको छोरा
अर्घाखाची जिल्ला मैदान गा.वि.स वडा नं-५ बस्ने वर्ष ४०
ना.प्र.नं ११८६५/३४८ को ईन्द्रमणी गैरे



चिन्तामणी गैरेको नाती लोकमणी गैरको छोरा
अर्घाखाची जिल्ला मैवान गा.वि.सा वडा नं-१ बस्ने वर्ष ३७
ना.प्र.नं ११६६८ को ईन्द्रमणी गैरे



सोभाकर घिमिरेको नाती ज्ञनेश्वर घिमिरेको छोरा
अर्घाखाची जिल्ला मैदान गा.वि.सा वडा नं-५ बस्ने वर्ष ३७
ना.प्र.नं २१९०/२२३४/०४४ को यमलाल घिमिरे



### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SMO TEXTILE CLOTHING FACTORY
पूर्व स्वीकृति मिति २०८०/०६/२१ LT. No. 293739 चलानी नं. ६०२०८८५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Men's Clothing Tailor | 3 | 0 | 1500 | ५३,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MUBARAK SAAD FALEH ALHAJRI GENERAL CONTRACTING EST
पूर्व स्वीकृति मिति २०८०/०६/२१ LT. No. 293740 चलानी नं. ६०२०८८४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A Builder | 1 | 0 | 1300 | ४५,९५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heay Truck Driver | 5 | 0 | 2200 | ७७,७६५ | | | | | | | |

कम्पनी : AFAQ AL ETEHAD CO. BR.
पूर्व स्वीकृति मिति २०८०/०६/२१ LT. No. 293738 चलानी नं. ६०२०८८४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६३,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ABDUL MAJEED AL-FADAEI AL-ANAZI CONTRACTING EST
पूर्व स्वीकृति मिति २०८०/०६/२१ LT. No. 293651 चलानी नं. ६०२०८८१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1200 | ४२,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज २९ गते (16th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



### Amargadhi Municipality
### Office of the Municipal Executive
### Tufandada, Dadeldhura, Nepal

INVITATION FOR BIDS (IFB)

DATE OF PUBLICATION: - 2080-06-22 BS (2023-10-09 AD)

1. Amargadhi Municipality, Dadeldhura invites electronic bids from eligible bidders for following works under National Competitive Bidding. Some of the qualifications criteria are mentioned below, through details are in the bidding document.

| SN | Contract No/Bid No | Description of Works | Bidding Procedure | Estimated Amount (Ex. VAT & PS) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | AM/DDL/WORKS/NCB/02-2080/081 | Construction of Ratagaun Shaileshwor Road, Amargadhi Municipality Ward No 08, Dadeldhura | Single Envelope | 6792029.51 | 170000 | 3000. | 2023-11-09 (2080-07-23) 12:00 Hours |

Bidder shall submit their bid electronically and download the bidding documents for e-submission form **www.bolpatra.gov.np/egp.**

# दुई अर्ब १५ करोड खर्चेर पैदलमार्ग मर्मत गर्दै काठमाडौं महानगर



**काठमाडौं–** काठमाडौं महानगरपालिकाले चालु आर्थिक वर्षमा दुई अर्ब १५ करोड रुपैयाँ लागतमा पैदलमार्गको मर्मत तथा सुधार गर्ने भएको छ । यसका लागि सबैजसो सडकखण्डको लागत अनुमान तयार भइसकेको र केही क्षेत्रमा सम्झौता भई काम सुरु भइसकेको महानगरका सार्वजनिक निर्माण विभागका निर्देशक सुरेशकुमार राईको भनाइ छ ।

हाल महानगर क्षेत्रभित्र करिब एक हजार ३०० किलोमिटर सडक सञ्जाल छ । यसमध्ये आठ मिटरभन्दा कम चौडाइ भएका एक हजार किलोमिटर सडक महानगरको स्वामित्वमा छ । महानगरका अनुसार हाल वडा नं २६ लैनचौरबाट वडा नं १६ सोह्रखुट्टे हुँदै बालाजुसम्मको सडक किनारा दुवैतर्फ चार करोड ५५ लाख रुपैयाँमा काम भइरहेको छ । वडा नं २६ लैनचौरबाट वडा नं २ को लाजिम्पाट, वडा नं ३ को महाराजगञ्जहुँदै चक्रपथसम्मको खण्डका लागि १० करोड रुपैयाँमा सम्झौता भइसकेको छ ।

साथै वडा नं २८ को प्रदर्शनीमार्गमा काम सुरु भइसकेको छ । यसको लागत तीन करोड ७८ लाख रुपैयाँ रहेको छ । वडा नं ११ को त्रिपुरेश्वरदेखि वडा नं २२ सुन्धारा, वडा नं २७ र २८ को सिमाना महाबौद्ध, रत्नपार्क, जमलहुँदै वडा नं २६ को लैनचौरसम्मको सडकखण्डका लागि निर्माण पक्षसँग १८ करोड रुपैयाँमा सम्झौता भइसकेको छ निर्देशक राईले जानकारी दिए ।

महानगरको वडा नं ४ को बालुवाटार सडकखण्डमा निर्माणका लागि छ करोड ३५ लाख रुपैयाँमा सम्झौता भएको छ । वडा नं ३२ को तीनकुनेदेखि वडा नं ९ सिनामंगल, त्रिभुवन विमानस्थल प्रवेशद्वार, सञ्चारग्राम, तिलगंगाहुँदै वडा नं ८ को गौशालासम्मका लागि छ करोड ६९ लाख रुपैयाँमा सम्झौता भएको छ । त्यसैगरी वडा नं १० नयाँबानेश्वरदेखि वडा नं ९ पुरानो बानेश्वरसम्मका लागि तीन करोड २३ लाख रुपैयाँ बजेट बिनियोजन गरिएको छ ।

वडा नं २८ को बागबजारदेखि वडा नं २ ९ चारखाल, वडा नं ३० को सिमाना डिल्लीबजार पिपलबोट, मैतीदेवी चोक, सेतो पुल, वडा नं ९ को पुरानो बानेश्वर, वडा नं ३१ को भीमसेनगोला हुँदै वडा नं ९ को सिनामंगल सडकखण्डका लागि १० करोड रुपैयाँ बजेट छुट्याइएको छ ।

साथै वडा नं १३ को कालीमाटीदेखि सोल्टीमोडहुँदै वडा नं १४ को कलंकीसम्म, वडा नं ८ को गौशालादेखि वडा नं ७ को चावहिलसम्म, वडा नं ८ गौशालादेखि वडा नं ९ रातो पुलसम्मको सडकखण्डलाई १० करोड खर्च हुने अनुमान गरिएको छ । अन्य केही सडकका पनि कतै सम्झौता अन्तिम चरणमा पुगेको छ भने कतै काम सुरु भइसकेको विभागले जानकारी दिएको छ । चालु आवमा महानगरले पूर्वाधार निर्माण तथा सुधारका लागि सात अर्ब ३४ करोड ६४ लाख ७१ हजार रुपैयाँ बजेट विनियोजन गरेको छ । *रासस*

## Sunkoshi Rural Municipality
### Office of the Rural Municipal Executive
**Ramtar, Sindhuli**

## Invitation for Bids

**Date of publication: 2080/06/22**

1. The Sunkoshi Rural Municpality, Sindhuli invites electronic bids from eligible bidders for the Procurement of Works under bidding procedures specified in Public Procurement Act and Regulations.
2. **Details of Works**

| S. N. | Contract No. | Description of work | Bid Security Amount Nrs. | Estimated Amount (With Vat and PS) |
|---|---|---|---|---|
| 1 | **SUNRM/NCB/01/080/081** | Bhanjyang-Archale-Tersopakha-Manedanda Road Upgrading works at Sunkoshi 01, Sindhuli | 4,90,000/- | 1,95,12,737.80 |
| 2 | **SUNRM/NCB/02/080/081** | Ramtar Littebhanjyang Bandipur Road Upgrading works;Work start point : Nearby Ward Office | 3,38,000/- | 1,35,21,828.98 |
| 3 | **SUNRM/NCB/03/080/081** | Construction of Ward Office Building at Sunkoshi Rural Municipality Ward 04, Sindhuli | 90,000/- | 35,74,032.16 |
| 4 | **SUNRM/NCB/04/080/081** | Construction of Birthing Centre Building at Sunkoshi Rural Municipality Ward 07, Sindhuli | 73,000/- | 28,97,848.10 |

3. Bidding Documents is available Online and can be downloaded form e-GP System www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.(Contract no and Name of the bidder must be included in the voucher otherwise rejected)

   **Information to deposit the cost of bidding document in Bank:**
   Cost of Bid-Document for each package :- **Nrs.3,000/- (Non Refundable)**
   Name of the Bank :- **Rastriya Banijaya Bank, Ratamata Branch, Sindhuli**
   Name of Office :- **Sunkoshi Rural Municipality Office, Sindhuli**
   Account no. :- **1480100301010002**
   Office Code no. :- **801032508**
4. Interested Bidders shall submit the electronics bids to the office of Sunkoshi Rural Municipality, Sindhuli through PPMO website on before 2080/07/22, 12:00 hours. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2080/07/22, 13:00 hours at the office of Sunkoshi Rural Municipality, Sindhuli.
6. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format as mentioned which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the cash security, the cash to be deposited in **Deposit Account No. 1480100303000002** and submit receipt of deposited amount.
7. If the specified last date of bid document purchasing and submission/ opening falls on a Government holiday then the same time on the next working day shall be considered for such events. However, the last date for bid submission and opening shall be the next working day after the last date of bid purchasing. In such case the validity of bid security shall be considered from already specified last date for bid submission.
8. All government rules and regulations shall be according to Procurement act of Nepal. The Rural Municipality office reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **LALIT CLEANING & CONTRACTING WLL**

पुर्व स्वीकृति मिति : २०८०/०३/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०६/२१ | LT. No. 288292 | चलानी नं. : ६०२०३६१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 2 | 1500 | ५४,६१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 0 | 8 | 1200 | ४३,६९० | | | | | | | |
| 3 | Supervisior | 1 | 1 | 2500 | ९१,०२५ | | | | | | | |
| 4 | Receptionist | 0 | 1 | 1500 | ५४,६१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज २९ गते (16th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SHIVAM INTERNATIONAL MANPOWER SERVICES PVT. LTD**
श्रम ईजाजत नं १५७०/०७९/८०
Sinamangal-9, Kathmandu Nepal, Tel : +977 01-5912780
Email : shivamintl9@gmail.com, Web: shivamintlmanpower.com



## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : **HOW HONG & CO. LTD.**

पूर्व स्वीकृति मिति २०८०/०६/२१ | LT. No. : 293680 | चलानी नं. ६०२०८८५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakery Operator | 10 | 0 | 15000 | ४५,०२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Packing Machine Operators | 25 | 0 | 15000 | ४५,०२५ | | | | | | | |
| 3 | Pastry Maker | 5 | 0 | 15000 | ४५,०२५ | | | | | | | |

कम्पनी : **CG ROYAL FOODS LTD**

पूर्व स्वीकृति मिति २०८०/०६/२१ | LT. No. : 293679 | चलानी नं. ६०२०८८५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fast Food Operator | 20 | 0 | 15000 | ४५,०२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Supervisor | 5 | 0 | 20000 | ६०,०३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज २९ गते (16th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd**
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ARABIAN BEVERAGE CO. LTD.**

पूर्व स्वीकृति मिति २०८०/०६/२१ | LT. No.293686 | चलानी नं. ६०२०८८०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Distributor Driver | 25 | 0 | 180 | ७७,६०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Distributor Helper | 25 | 0 | 95 | ४०,९५५ | | | | | | | |
| 3 | Labour | 25 | 0 | 85 | ३६,६४५ | | | | | | | |

कम्पनी : **BLING AND SMOOTH FOR GENERAL BUILDING CLEANING SERVICES CO.**

पूर्व स्वीकृति मिति २०८०/०६/२१ | LT. No.293687 | चलानी नं. ६०२०८८०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 10 | 100 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज २९ गते (16th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।**

**SUPREME OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL MASHREQEEN TRANSPORT COMPANY**

पूर्व स्वीकृति मिति : २०७९/१२/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२१ | LT. No. 283403 | चलानी नं. ६०१९८८५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Vehicle Driver | 3 | 0 | 1800 | ६३,६२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Truck Driver | 12 | 0 | 1800 | ६३,६२५ | | | | | | | |

कम्पनी : **SECOND SEASON BARBER SHOP**

पूर्व स्वीकृति मिति २०८०/०६/२१ | LT. No. 293645 | चलानी नं. ६०२०८८४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber | 1 | 0 | 1200 | ४२,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज २९ गते (16th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# समस्यामा फसेका नेपालीको उद्धारमा ध्यान देऊ

नेपाली उखान छ– दशा बाजा बजाएर आउँदैन । एक महिना अघिमात्र इजरायल पुगेका केही नेपालीहरुलाई यस्तै आपत् पऱ्यो । सिक्ने अनि कमाउने आश लिएर सरकारी कार्यक्रमबाटै त्यहाँ पुगेका नेपालीहरुको सपना त्यही क्षतविक्षत हुन पुग्यो । प्यालेस्टिनी र इजरायलको द्वन्द्वले निर्दोष नेपालीको ज्यान निमेषभरमै गयो ।

शनिबार इजरायलमा प्यालेस्टाइनी कट्टरपन्थी समूह हमासले अप्रत्यासित रुपमा आक्रमण गरेपछि उत्पन्न भएको दुई देशको युद्धमा परी ६०० भन्दा बढी मानिसहरुको मृत्यु भएको बताइएको छ । उक्त आक्रमणमा १० जना नेपालीले अनाहकमा ज्यान गुमाएका छन् । ११ महिने 'लर्न एण्ड अर्न' कार्यक्रममा उनीहरु गत भदौ १८ र १९ गतेमात्र इजरायलको सेदोत नेगेभ क्षेत्र पुगेका थिए ।

घटनामा परी केही नेपाली घाइते भएका छन् । सरकारी तथ्यांकअनुसार यो कार्यक्रममा २६५ जना नेपाली इजरायलमा पुगेका थिए । यसैगरी ४५०० जना केयर गिभरका रुपमा त्यहाँ कार्यरत छन् । सरकारी आकडा एकातिर छँदै छ अर्कोतिर नेपालीहरुको उपस्थिति यहाँ अझ बढी भएको अनुमान त्यहाँस्थित गैरआवसीय नेपाली सघं (एनआरएनए)ले गरेको छ ।

देशमा न त रोजगारको ग्यारेण्टी छ न त भविष्यको । अनि नेपालीको नियति भनौं द्वन्द्वग्रस्त देशमा बाध्यताले कमाउन पुग्नुपरेको छ । त्यहाँको सुरक्षा संयन्त्रले अमेरिका, क्यानडालगायत धनी देशका नागरिक र दूतावासलक्षित सुरक्षा व्यवस्थापन गरिरहँदा नेपालजस्तो श्रमिक थोपर्ने मुलुकका नागरिक भने त्यहाँ असुरक्षित रहेका छन् । हमास समूहले प्याराग्लाइडिङ चढेर आएर अन्धधुन्दा गोली बर्षाउँदा के हुने हो ठेगान छैन । हुन त जवाफी कारबाहीमा इजरायलले पनि गाजा क्षेत्रमा हमला जारी राखेको छ । यद्यपि इजरायलबाट हमास समूहले १०० जनालाई लगेर बन्दी बनाएको बताइएको छ ।

यस्तो अवस्थामा छिमेकी मुलुक भारतले आफ्नो नागरिकलाई उद्धारका लागि तयारी थालिसकेको छ । तर, नेपालको अवस्था भने उही कहालीलाग्दो र मायालाग्दो छ । सरकारको परराष्ट्रमन्त्री नेपाली कांग्रेसका एनपी साउद छन् । यही पार्टीका सभापति शेरबहादुर देउवाले आइतबार विज्ञप्तिमार्फत सरकारलाई नेपालीको उद्धारमा ध्यान दिन अनुरोध गरेका छन् । नेपाली नेताहरु र सरकार प्रमुखहरु वक्तव्यबाजी गर्नेबाहेक केही गर्न सक्ने अवस्था पनि देख्दैनन् । कारण, कमजोर व्यवस्थापन । विपद्मा के गर्ने भन्ने कुनै पूर्वतयारी सरकारसँग छैन । दुःखको बेला सानो सहयोग पनि ठूलो बनिदिन्छ । त्यसैले सबैभन्दा पहिले त सरकारले इजरायल छाड्न चाहनेलाई तत्काल उद्धार गरोस् । त्यही बस्न चाहनेलाई इजरायल सरकारसँग सुरक्षाको पहल गरिदिन समन्वय गरिदेओस् ।

# 'शब्दविम्बमा सत्यमोहन' का बहुआयाम



▶▶ कृष्ण अधिकारी

'हितोपदेश' सुभाषित श्लोकको संस्कृतमा एउटा उक्ति छ, 'एकश्चन्द्रस्तमो हन्ति न च तारागणोकपि च' अर्थात् 'आकाशमा करोडौं ताराहरू छन् । तिनले राति उज्यालो दिन सकेका हुँदैनन, करोडौं भएर पनि के गर्नू तर एक्लो चन्द्रमाले रातको अन्धकारमा उज्यालो दिन सक्छ, अँध्यारालाई नाश गरिदिन्छ र त्यसमा पनि त्यो प्रकाश सूर्यको रापजस्तो होइन ।' हो, यस्तै चन्द्रमा थिए सत्यमोहन जोशी । वाङ्मय शताब्दी पुरुष जोशीले भाषा, साहित्य, कला, संस्कृति, इतिहास, दर्शन र पुरातत्वका क्षेत्रमा पुऱ्याएको योगदान अतुलनीय छ ।

फलेको वृक्षको हाँगो निहुरिएझैँ उनमा कुनै घमण्ड थिएन । शालीन एवं मिलनसार व्यवहार र उच्चकोटीको विचार नै उनको विशेषता थियो । गाउँका सर्वसाधारणदेखि दरबारको उच्च वर्गका मानिससँग पनि उनको उत्तिकै पहुँच र सम्बन्ध थियो । उनी सर्वसाधारणको भाषा राम्ररी बुझ्थे । देशको अवस्थिति र परिस्थितिलाई नजिकबाट नियालेका बहुआयामिक व्यक्तित्व उनी नेपाललाई स्वर्गकै रूपमा व्याख्या गर्थे । विश्वका धेरै मुलुकको भ्रमण सकेका र संसार चिनेका उनी नेपालजस्तो सुन्दर र असीमित सम्भावनायुक्त देश विश्वमा कहीँ नभएको हामीलाई भेटमा सुनाउथे । उनले सरकारी सेवामा रहँदा विभिन्न जिम्मेवारी पूरा गर्दै देशका प्रायः सबै ठाउँमा पुगेनन् मात्र, त्यहाँको कला, साहित्य, संस्कृतिलाई टपक्क टिपेर मूल प्रवाहमा ल्याएका थिए ।

शताब्दीसम्म बाँचेर निरन्तर नेपाली भाषा, साहित्य र संस्कृतिका श्रीवृद्धिमा लगाउने असाधारण शक्ति र सामर्थ्यका धनी जोशीको जीवनका विभिन्न पाटालाई सङ्ग्रहित गरेर प्रकाशित ' शब्दविम्बमा सत्यमोहन' (भुँडी पुराण, २०७९) मा जोशीको जीवनी, भाषा, साहित्य, लोकसंस्कृतिको अन्वेषण र उनका जीवनका विविध आयाममात्र समेटिएका छैनन्, नेपालको साहित्य, संस्कृति र पत्रकारिता क्षेत्रमा ख्याति कमाएका धेरै लेखक, साहित्यकार, संस्कृतिविद्, पत्रकार आदिका विचार र धारणा पनि पढ्न पाइन्छ । कृतिमा जोशीको जीवन र जीवनशैली, सेवा र योगदान, कदर र सम्मान तथा आदर्शका बारेमा विभिन्न दृष्टि र कोणबाट बुझ्न सकिन्छ ।

'संघर्षले सत्यमोहनलाई धेरै सिकायो, सत्यमोहनले सबैलाई संघर्ष सिकाउनुभयो,' पुस्तकका सम्पादक गोपीकृष्ण ढुंगानाले सम्पादकीयमा लेखेको यस उक्तिले जोशीको जीवनको संघर्ष र प्राप्त गरेको सफलतालाई छर्लंग पारेको छ । कहिल्यै नथाकी, नहारी र नरोकिई आफ्ना कर्ममा जुटिरहने दरिलो आत्मबल र बलियो आत्मविश्वासका धनी जोशीको निधनपछि उनबारे लेखिएका समाचार, सम्पादकीय, श्रद्धाञ्जली लेखरचना, आलेख, अन्तर्वार्ता आदिलाई एउटै पुस्तकमा समावेश गरेर पत्रकार ढुंगानाले पाठकलाई ठुलै गुन लगाएका छन् ।


> तीनपटक मदन पुरस्कार पाउने जोशीका नेपाली र नेपाल भाषामा लिखित ६० भन्दा बढी पुस्तक प्रकाशित छन् । नेवार भएर पनि उनी नेपाल भाषा र नेवारी संस्कृतिमा मात्रै खुम्चिएनन् । नेपाली भाषा, संस्कृति र साहित्यका विकासमा पनि उनको ठूलो योगदान रहेको छ । सादा जीवन उच्च विचारका धनी उनमा कहिल्यै घमण्ड, अहं वा फुर्तीफार्ती देखिएन । रसिलो, भरिलो र झरिलो फलफूलजस्तै उनमा नम्रता र निहुरिने दुर्लभ गुण भरिपूर्ण थियो ।

तीनपटक मदन पुरस्कार पाउने जोशीका नेपाली र नेपाल भाषामा लिखित ६० भन्दा बढी पुस्तक प्रकाशित छन् । नेवार भएर पनि उनी नेपाल भाषा र नेवारी संस्कृतिमा मात्रै खुम्चिएनन् । नेपाली भाषा, संस्कृति र साहित्यका विकासमा पनि उनको ठूलो योगदान रहेको छ । सादा जीवन उच्च विचारका धनी उनमा कहिल्यै घमण्ड, अहं वा फुर्तीफार्ती देखिएन । रसिलो, भरिलो र झरिलो फलफूलजस्तै उनमा नम्रता र निहुरिने दुर्लभ गुण भरिपूर्ण थियो । जुनसुकै भूमिका र जिम्मेवारीमा रहँदा पनि उत्तिकै कुशलता प्रदर्शन गर्न सक्ने प्रबुद्ध व्यक्तित्व उनी लोक वाङ्मयका विविध विषयका इन्साइक्लोपेडिया नै थिए भन्ने तथ्य पुस्तकको अध्ययनबाट पाइन्छ ।

जोशीको समग्र जीवनवृत्तलाई एउटै पुस्तकमा समेट्ने जमर्को गर्ने सम्पादकको मिहेनत र धैर्यको तारिफ गर्नैपर्छ । पुस्तकभित्र यति धेरै सामग्रीको संकलन, संयोजन र सम्पादन एक्लैले गर्न सक्नु चानचुने कुरा होइन । पुस्तक पढेर पाठकले जोशीको जीवनबाट धेरै सिक्न, बुझ्न र जान्न सक्छन् । यस्ता बहुप्रतिभाशाली व्यक्तित्वका बारेमा लेखिएको पुस्तकको औचित्य कहिल्यै सकिँदैन, बरु युगयुगसम्म सान्दर्भिक रहिरहन्छ । 'न अरूलाई तराजुमा जोखे, न जोखिए अरूको तराजुमा । बाधाहरू पन्छाए, परिस्थितिभन्दा माथि उठे र त जुरुक्क उठेको देखिए सत्यमोहन सबैका आँखामा । वास्तवमा सत्यमोहनले प्रत्येक सेकेण्ड र मिनेटलाई महत्त्व दिएर सदुपयोग गरेकाले नै महान् बने,' ढुंगाना लेख्छन् ।

पुस्तकमा उनका केही अप्रकाशित र निधनअघि लिइएका वा प्रकाशित सामग्री पनि समेटिएका छन् । यसरी उनका बारेमा बुझ्न, अध्ययन गर्न र ती लेख सामग्रीको दस्तावेजीकरण गरी संरक्षण गर्न सहज भएको छ ।

आठ खण्डमा विभाजित पुस्तकमा लेख र आलेख ३२, परिशिष्टांकका आलेख १७, समाचार १७, सम्पादकीय सात, अन्तर्वार्ता चार र कविता तीन समावेश छन् । पहिलो लेख खण्डमा जोशी स्वयंदेखि अन्य विभिन्न लेखकका लेखको संकलन छ । जोशीलाई नजिकबाट चिनेका तथा उनीसँग निरन्तर सम्पर्कमा रहेका विभिन्न लेखक, साहित्यकार र पत्रकारका अढाइ दर्जनभन्दा बढी लेख यस खण्डमा समावेश गरिएका छन् । दोस्रो खण्डमा उनको निधनपछि राष्ट्रिय दैनिकलगायत विभिन्न पत्रपत्रिकामा प्रकाशित सम्पादकीय समावेश गरिएका छन् । यी सम्पादकीयको अध्ययन गर्दा सञ्चारमाध्यमका नजरमा उनको उचाइ निकै माथि रहेको पाइन्छ । तेस्रो खण्डमा विभिन्न




समयमा विभिन्न व्यक्तिले जोशीसँग लिएका तीन अन्तर्वार्ता समाविष्ट छन् जसमा व्यक्त विचार आज पनि उत्तिकै सान्दर्भिक र उपयोगी छन् ।

चौथो परिशिष्टांक खण्डमा राष्ट्रकवि माधव घिमिरेलगायत प्रतिष्ठित लेखक, साहित्यकार, संस्कृतिविद्, पत्रकारद्वारा लेखिएका गहन र अत्यन्त जानकारीमूलक विचार र अभिव्यक्ति समेटिएका छन् । पाँचौं खण्डमा विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचार तथा छैटौं खण्डमा तीन कविका जोशीप्रति समर्पित कविताहरू छन् । अन्तिम खण्डमा जोशीका केही मुख्य कृति र तस्बिर समावेश गरिएका छन् ।

जोशीका जीवनका विभिन्न पाटालाई केलाउँदै पुस्तकमा समाविष्ट सामग्रीको अध्ययन गरिसकेपछि कुनै एक चिनारी मात्रैले उनलाई चिनाउन सम्भव हुँदैन । संस्कृतिदेखि साहित्य, कला, सिक्का र हुलाक टिकटको संग्रहलगायत विभिन्न विषयमा उनको अतुलनीय योगदान रहेको पाइन्छ । परिश्रमको फल मीठो हुन्छ भनेझैँ अन्य कुनै नेपालीले नपाएको सम्मान र पदवी पाउन उनी सफल भएका छन् । उनी त्यस्तो एकमात्रै नेपाली थिए जसको जीवित रहँदै तस्बिरांकित चाँदीको सिक्का निष्काशन गरिएको थियो । सय, हजार र दुई हजार ५०० का सिक्काको एउटा पाटामा जोशीको तस्बिर छ भने अर्कापट्टि सगरमाथाको तस्बिर छ ।

पुस्तक बालबालिकादेखि युवा र वृद्धवृद्धासम्मलाई उपयोगी बनेको छ । सम्पादक ढुंगानाले भनेजस्तै समयले जोशीलाई बनाएको र जोशीले समयलाई बनाएको देखिन्छ । उनी नेपालको प्रतिबिम्ब नै थिए । उनले जीवनको हरेक क्षणलाई अर्थपूर्ण बनाए, जसले गर्दा उनलाई सगरमाथाको उचाइमा राख्न सकियो । सम्पादक आफैं पनि अनुसन्धानमा रुचि राख्ने पत्रकार भएका नाताले पनि पुस्तकमा अनुसन्धानकर्तालाई उपयोगी हुने गरी सामग्री समावेश गरेका छन् । चार सय २० पृष्ठको पुस्तकमा रहेका लेख, आलेख आदिले उनलाई युगौंयुगसम्म स्मरणीय र अजम्बरी बनाउनेमा सम्पादकसमेत ढुक्क देखिन्छन् । *रासस*

## मननयोग्य

### चाणक्य नीति

त्यहाँका वासिन्दाहरू लडाकु प्रवृत्तिका थिए । यी सीधा-साधा आदिवासी दुई अपरिचित व्यक्तिलाई देखी आश्चर्यले उनीहरूका छेउमा भेला हुन थाले । शकटार र चाणक्यले मुरा र चन्द्रगुप्तका विषयमा सोधे कुनै युवकले तिनलाई मुराको झुपडीमा पुयाइदियो । यस झुपडीभित्र दुवैले एक युवती अति मैलो भेषभूषामा हातले खजुरका पातको पंखा बनाइरहेकी, साथै एउटा युवक टपरीमा भोजन गरिरहेको देखे ।

झुपडीमा मामुली घरेलु सामान केही गाँसेका (बुनेका) पातका पखा, धनुष र त्यसको ठोक्रो थियो । मुराको त्यस्तो मलीन अनुहारमा सुन्दरताको लक्षण अझसम्म पनि थियो, तर समयले थप्पड मार्दा दुब्ली भएकी जस्ती देखिन्थिन् ।

मुराले नचिनेका दुई अनौठा मानिस आएको देखी आसन ओछ्यान । युवक चन्द्रगुप्तले प्रणाम गरी पानीको व्यवस्था गरे । चाणक्यले चन्द्रगुप्तलाई गहिरिएर हेरे । एकछिनपछि मुरालाई शकटारले आफूहरू आउनुपर्ने प्रयोजन बताए । अब सय आयो, हामी तिम्रा चन्द्रगुप्तलाई चाहान्छौँ । मुराले भनिन्-'म दुःखीको एक मात्र सहारा यही छ, यसलाई म कसरी दिऊँ ।'

गौरसँग हेर्दै चाणक्यले भने-'देवी ! तपाई धन्य हुनुहुन्छ, जसका कोखबाट चन्द्रगुप्तजस्तो पुत्र प्राप्त भयो र हामी यिनलाई समयमै वीरता र धीरताको शिक्षा दिन खोजिरहेछौँ ।'

'आज राजा नन्दको अत्याचार, भोग-विलासका कारण सम्पूर्ण मगध नयाँ शासकका लागि पर्खिरहेछ । नन्दका नन्दका चारैतिर चाकडी र प घेराउ छ । जसले पनि आफ्नै ढुकुटी गरिरहेछन, कसैलाई छैन । यस्तो अवस्थामा मगधलाई वीरतापूर्वक सही आफ्नो माता गर्ने एक साहसी राजाको आवश्यकता छ । यी सबै गुण हामीले चन्द्रगुप्तमा देख्यौ ।

मुराले दयनीय अवस्थामा भनिन्-'महाराज ! यो सबै ठीक छ तर म यो चाहन्न राजनीतिका खेलमा म दुःखीको एक मात्र सहारा बलिदानत्र होओस् । अर्को कुरा नन्दलाई मुराको पुत्र हो भन्ने आभास मात्रै भए पनि नन्दले यसको हत्या गराउँछ ।'

होइन देवी ! नन्द कसैको असल चाहँदैन । चाणक्यले चन्द्रगुप्तलाई मगधको राजसिंहासन दिलाउनेछ । क्रमशः

## पत्र–मञ्जुषा

# सेयरमा १२ करोडको सीमा हटाउँदैमा कारोबार बढ्ने हो र ?

जहाँ जनता शिक्षित र चेतनशील हुन्छन्, त्यहाँ राज्यले पनि शोषण गर्न पाउँदैन अनि दलाली र बिचौलियाहरुले पनि ठग्न पाउँदैन । इतिहास हेर्ने हो भने नेपालमा हरेक राजनीतिक परिवर्तन जनताकै संघर्षका कारण भएको छ । तर, दलाली र बिचौलियाहरुले जनतालाई नै ठगेर, लुटेर कमाएका छन् ।

मुलुकमा सञ्चार क्षेत्रले विकासको फड्को मारिसकेको छ । सञ्चार क्षेत्रमार्फत नै जनताले धेरै राम्रा र नराम्रा कुराहरु थाहा पाएका छन् । अझै पनि जनतालाई भ्रममा पारेर ठग्न सकिन्छ, शोषण गर्न सकिन्छ भन्ने कुरा सरकार र दलाली तथा बिचौलियाहरुको मनबाट हटेको छैन ।

देशमा आन्दोलनको आँधीबेहरी ल्याएर विभिन्न मितिमा राजनीतिक परिवर्तन गर्ने जनता नै हुन् । अहिले बजार पूरै मन्दीमा छ । घरजग्गा, सेयर र गाडीको किनबेच ठप्प भएको छ । तर, नेपाल राष्ट्र बैंक र अर्थ मन्त्रालयले अहिले पनि सोझासाझा जनतालाई ठग्न पाइन्छ भनेर सेयरमा १२ करोडको सीमा हटाइदियो त घरजग्गा र गाडीमा कर्जा लगानी सहज गरिदियो ।

पहिले धितोको मूल्यांकनका आधारमा बैंक तथा वित्तीय संस्थाले घरजग्गालाई ५० प्रतिशत कर्जा प्रवाह गर्नेमा अहिले ६० प्रतिशत बनाइएको छ । अहिले आमसर्वसाधारणले बैंकले सय रुपैयाँ कित्तामा निष्काशन गरेको सेयर दलालीमार्फत चार हजारमा बेचिएको कुरा थाहा पाएका छन् ।

पाँच हजार आना नपर्ने खेतीयोग्य जमिन टुक्राटुक्रा बनाएर ५०औं लाखमा बेचियो । भारतमा एक लाखमा पाइने सवारीसाधन दलालीहरुले नेपालमा २० लाखमा बेचे । बैंक तथा वित्तीय संस्थाको सबै कर्जा लगानी भने घरजग्गा, गाडी र सेयरमा छ । यसरी बैंक टाट पल्टिने अवस्था निम्तिएपछि राष्ट्र बैंकले यो नीति ल्याएको हो ।

सरकारले जग्गाको कित्ताकाट फुकुवा गरे पनि कारोबार बढेन । त्यस्तै, राष्ट्र बैंकले ल्याएको यो नीतिले पनि घरजग्गा र सेयरको कारोबार बढ्ने छैन । अहिले घरजग्गा, सेयर र गाडी दलालीहरु कहिल्यै अर्थमन्त्रीकहाँ पुग्छन् त कहिले गभर्नरकहाँ । प्रधानमन्त्री र राष्ट्रपतिकहाँ धाउने क्रम पनि बढ्दो छ ।

आफूहरुको लगानी डुबेको भन्दै उनीहरु बचाइदिनका लागि बिन्ती गर्छन् । यता, बैंक तथा वित्तीय संस्थाका सञ्चालक, अध्यक्ष र कर्मचारीहरु पनि प्रधानमन्त्री, अर्थमन्त्री र गभर्नरकहाँ धाउने क्रम बढ्दो छ । उनीहरु पनि दलालीहरुले जे माग गर्छन्, त्यही पूरा गरिदिन्छन् ।

माग पूरा गर्दागर्दै पनि बजारमा न घरजग्गाको मूल्य बढेको छ न सेयरको । गाडीको पनि त्यही हालत छ । अहिले घरजग्गा, गाडी र सेयरमा लगानी गर्ने कोही छैन । सबै बेच्नमात्र चाहन्छन् । बजारले घरजग्गा, गाडी, सेयर, दलाली र सरकारभन्दा जनता बाठो भएको कुरा देखाउँछ । जनता चेतनशील भएका छन् ।

अब उनीहरु जथाभावी दलाली र सरकारको आश्वासनमा परेर लगानी गर्ने छैनन् । आम सर्वसाधारणलाई महँगोमा घरजग्गा, गाडी र सेयर बेच्न नपाएपछि अहिले दलालीहरु पानीविनाको माछाजस्तै भएका छन् । उनीहरु रन्थनिएर हिँडेका छन् । भोक, तिर्खा र निद्रा भन्ने कुरा उनीहरुको जीवनबाटै हटिसकेको छ ।

यता घरजग्गा, गाडी र सेयरको किनबेच ठप्प भएर राजस्व आउन बन्द भएपछि सरकार पनि आत्तिएको छ । सरकारी कर्मचारी र जनप्रतिनिधिलाई तलबभत्ता कसरी खुवाउने ? कसरी सरकारी खर्च धान्ने ? कसरी विदेशीसँग लिएको ऋणको साँवाब्याज तिर्ने ? भनेर सरकार चिन्तित छ । दलालीहरु सरकारलाई जनतालाई यसरी ठगेर राजस्व उठाउन सकिन्छ भनेर सिकाउँछन् ।

तर, दलालीको कुनै पनि पोलिसी काम लागेको छैन । अहिले दलाली र सरकारभन्दा जनता धेरै बाठो भएको कुरा प्रमाणित भएको छ । बजारमा सुनिन्छ कि दुई वर्षअघि ३५ सयमा किनेको सेयर अहिले ५०० मा पनि बिक्री हुन्न रे । आनाको ६० लाख हालेर किनेको जग्गा लाखमा बिक्री भएन रे ।

१५ लाखमा किनेको गाडी लाखमा बिक्री भएन रे । राष्ट्र बैंकले डुबिसकेको बैंकलाई बचाउनका लागि उक्त पोलिसी ल्याएको सर्वसाधारणको भनाइ छ । अब सरकारले जतिसुकै जनतालाई झुक्याउन खोजे पनि वा दलालीहरुले फसाउन खोजे पनि जनता घरजग्गा, गाडी र सेयरमा लगानी गर्ने छैनन् ।

न त यी बस्तुको मूल्य नै बढ्नेछ । जनतामा यति छिटो चेतना आउँछ भनेर न सरकारले सोचेको थियो न दलालीहरुले । सञ्चारमाध्यमकै कारण आज जनताको आँखा खुलेको छ । बैंक तथा वित्तीय संस्थाले कतिसम्म ठग्न सक्छ भनेर जनता स्पष्ट भइसकेका छन् ।

राज्यको चौथो अंगको आँखा छलेर हिजो घरजग्गा, गाडी र सेयर दलालीहरुले सर्वसाधारण जनतालाई ठगेका थिए । तर, सञ्चारकर्मीहरुले यस्ता ठग, चोरहरुको विरोधमा बोल्न र कलम चलाउन थालेपछि उनीहरुको भागाभाग भएको हो । जनता ठगिनबाट जोगिए त चेतनशील भए ।

अहिले सेयरमा १२ करोडको सीमा हटाएपछि कारोबार बढ्ने आश सरकारमा छ । तर, यो सम्भव हुँदैन । बजार अध्ययन नगरी दलालीहरुको लहैलहैमा गरेको यो निर्णयले अर्थतन्त्र झनै प्रभावित बन्ने छ ।

*– रुपा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# सामान्य बन्दै नेपालगञ्जको जनजीवन

**नेपालगञ्ज (प्रस)–** नेपालगञ्जको जनजीवन सामान्य हुँदै गएको छ । उपमहानगरपालिकामा दिउँसोको समयमा जारी निषेधाज्ञा र रातिको 'कर्फ्यु' खुकुलो बनाइएको स्थानीय प्रशासनले जनाएको छ ।

यही असोज १६ गते दिउँसो १ बजेदेखि नेपालगञ्जमा अनिश्चित्‌कालीन कर्फ्यु लगाइएको थियो भने असोज १८ गतेदेखि दिउँसोको कर्फ्यु हटाइ रातिको कर्फ्यु कायमै राखिएको बाँकेका प्रमुख जिल्ला अधिकारी विपिन आचार्यले जानकारी दिए । उनका अनुसार जनजीवन सामान्य बन्दै गएपछि निषेधाज्ञा र कर्फ्युको समयावधि कम गरिएको हो । जसले गर्दा विद्यालय र कलेज सञ्चालनमा आएका छन् भने बजारमा पनि केही पसल खुलेका छन् ।

जिल्ला प्रशासन कार्यालय बाँकेले आइतबार सूचना जारी गर्दै बिहान १० देखि राति १० बजेसम्म पाँच जनाभन्दा बढी भेला भई प्रदर्शन गर्न नपाउने गरी निषेधाज्ञा कायम गरेको जनाएको छ । दिउँसो कर्फ्यु हटे पनि उपमहानगरपालिका क्षेत्रभित्र बिहान १० देखि राति १० बजेसम्म कुनै प्रकारको भेला, जुलुस, सभा, बैठक वा प्रदर्शन वा पोस्टर, पर्चाजस्ता प्रचार सामग्री टाँस्न वा लेख्न पाइने छैन । साथै, हुलदंगा वा अशान्ति गर्ने उद्देश्यले एकै ठाउँमा पाँचजना भन्दा बढी मानिस जम्मा हुन नपाउने गरी निषेधाज्ञा जारी गरिएको छ ।

# दसैंको मुखमा अखाद्य वस्तुको बिगबिगी

**गलकोट (बागलुङ)–** बागलुङ बजारका चोकचोकका पसलमा अहिले रंगीचंगी झिनियाँ पाइन्छ । उक्त आकर्षक रङ प्रयोग गरिएको झिनियाँ अखाद्य वस्तु भएकाले स्वास्थ्यमा प्रतिकूल असर पर्ने देखिन्छ ।

उक्त झिनियाँको न त उत्पादन मिति छ न त उपभोग्य मिति नै छ । यस्तै जिल्लामा उत्पादन भइरहेको धौलागिरि भुजाले उपभोग्य मिति नै केरमेट बनाएर बजारमा ल्याएको छ । भुजाको उत्पादन मिति र उपभोग्य मिति केरमेट गरेर नयाँ मिति कायम गरेको पाइएकाले उक्त भुजालाई गोदाममा फर्काउन निर्देशन दिइएको छ ।

झिनियाँ र भुजामात्रै होइन कुरकुरे, लेज, बियर, कोक, फ्यान्टा र सुजीलगायतका वस्तुमा उपभोग्य वस्तुको मिति गुज्रेको पाइएको छ । यस्ता वस्तुहरू उपभोगका लागि अखाद्य मानिन्छ। बागलुङ बजारमा दसैंको मुखमा अखाद्य वस्तुको बिगबिगी नै देखिएको छ । चाडपर्वका अवसरमा अस्वाभाविक मूल्यवृद्धि र अखाद्य वस्तुको बिक्री वितरण भइरहेको गुनासोपछि बजार अनुगमनलाई तीव्र गति दिने क्रममा अखाद्य वस्तु अत्यधिक पाइएको बागलुङका सहायक प्रमुख जिल्ला अधिकारी चित्रांगत बरालले जानकारी दिए ।

'व्यापारीले ज्ञान नभएर हो या उपभोक्ताको स्वास्थ्यमाथि खेलबाड गरेर हो, आफ्नो पसलमा बिक्रीका लागि राखिएको सामग्रीको उपभोग्य मिति हेर्न आवश्यक छ, कतिपय खुद्रा व्यापारीहरूले मिति सकिएको सामग्री खरिद गरेर ल्याएकोसमेत पाइयो,' बरालले भने, 'बागलुङका अधिकांश किराना पसलमा मिति गुज्रेका सामग्री पाइयो जुन अखाद्य पदार्थ हो, स्वास्थ्यका लागि व्यापारीहरूले खेलबाड गरिरहेका छन् ।'

पर्यटन तथा उद्योग कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, बागलुङ नगरपालिका र जिल्ला प्रशासन कार्यालयले संयुक्तरूपमा बजार अनुगमन गर्दा अखाद्य पदार्थ पाइएको हो । बागलुङको पुरानो बजारमा बढी म्याद गुज्रेका खाद्य सामग्री पाइएको छ । अनुगमनलाई राष्ट्रिय उपभोक्ता मञ्च र जिल्लाका पत्रकारहरूले साथ दिइरहेका छन्। बागलुङ बजारको भलायटोल, देउरालीचोक, कम्पुटोल, पेन्सन क्यामरोडलगायतका क्षेत्रमा बजार अनुगमन गरिसकेको छ ।

अनुगमनका क्रममा धौलागिरि भुजामा मिति सच्याएको, अर्ना बियरमा मिति गुज्रेको र रिजालको दालमोठमा मिति गुज्रेको पाइएको छ । यस्तै अनुगमनका क्रममा लेज, सुजी, बिस्कुट, चाउचाउ, मह, कुरकुरे, फ्यान्टा, कोक तथा स्प्राइटकोसमेत मिति गुज्रेको पाइएकाले नष्ट गरिएको छ ।

अनुगमनका क्रममा मिति गुज्रेका सामग्रीसमेत मिति कायम भएका सामग्रीसँगै राखेर बिक्री गरेको पाइएको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका खाद्य प्राविधिक सहन्साकुमार महतोले जानकारी दिए । उनका अनुसार चाडबाडको मुखमा व्यापारीलाई कारबाही नभएर सचेत गराउँदै हिँडेको र अखाद्य वस्तु नष्ट गरिएको छ ।

दसैंको मुखमा मासु तथा फलफूलको व्यापार बढी हुने भएकाले मासु र फलफूलको अनुमगनसमेत गर्न थालिएको नगर उपप्रमुख राजु खड्काले बताए । बागलुङ बजारलाई चुस्तदुरुस्त र बजार अनुगमनलाई प्रभावकारी बनाउनका लागि बागलुङका थोक व्यवसायी र सरोकारवालाहरूलाई सँगै राखेर छलफलसमेत गर्दै आएको नगरपालिकाले जनाएको छ । *रासस*

# काठको चोरी नियन्त्रण गर्न सक्रियता

**चितवन (प्रस)–** चाडपर्वमा हुने चोरी पैठारी नियन्त्रणका लागि डिभिजन वन कार्यालयले सक्रियता बढाएको छ । कार्यालयले चोरी पैठारी नियन्त्रणका लागि आफ्नो क्षेत्रमा रहेका आठ युनिटलाई सक्रिय बनाएको हो ।

कार्यालयका सूचना अधिकारी बालकृष्ण खनालका अनुसार चाडपर्वका समयमा वनमा हुने चोरी पैठारी नियन्त्रणका लागि आठ युनिटमा ६५ जना परिचालन गरिएको छ । यी युनिटले नियमित गस्ती, छड्के चेकजाँच, छड्के छापा लगायतका काम गरिरहेका छन् ।

'चार्डपर्वको समयमा हुने चोरी पैठारी नियन्त्रणका लागि हामी लागि परेका छौं,' उनले भने, 'चाडपर्वको समयमा अन्यको बेलाभन्दा बढी चोरी हुने भएकाले सक्रियता बढाएका हौं ।' आवश्यक परेको खण्डमा प्रहरीसमेत परिचालन गर्ने गरी कामलाई अघि बढाइएको उनको भनाइ थियो ।

कार्यालयले वन क्षेत्रमा प्लास्टिकजन्य वस्तु र फोहोर फाल्न निरुत्साहित गरिएको खनालले बताए । उनले भने, ' वन क्षेत्रलाई फोहर फाल्ने केन्द्रको रूपमा प्रयोग गरिएको छ । यसलाई नियन्त्रणका लागि जनचेतना जगाउने लगायतका काम भइरहेका छन् ।'


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FOOD VILLAGE RESTAURANTS TO SERVICE MEALS EST

पूर्व स्वीकृति मिति : २०८०/०२/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१९ LT. No. 287146 चलानी नं. ६०२०२४९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD MAKER | 4 | 0 | 1200 | ४२,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २७ गते (14th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MBK OVERSEAS PVT. LTD.**
श्रम इजाजत नं. ५४२/०६१/०६२
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Web: www.mbkoverseas.com.np
Email: mbkoverseas@gmail.com, info@mbkoverseas.com.np
Contact: 9841935884, 9841541592, 9808658844, 9842716845, 981533303



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL RAYYAN INTERNATIONAL SERVICES

पुर्व स्वीकृति मिति २०८०/०६/२१ LT. No. 293683 चलानी नं. ६०२०८८२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 2 | 1500 | ५४,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour Services | 0 | 3 | 1500 | ५४,६१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २९ गते (16th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पदेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**त्रिकोण ईन्टरनेशनल ओभरसिज प्रा.लि.**
श्रम ईजाजत नं. ५५०/०६२/०६३
रानीवारी, सामखुसी, काठमाडौं, नेपाल, फोन नं. ४३८१८३८, ४३५५६०२, ९८०१००४३८४



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : COMPANY EVENT OF THE WEEK TO ORGANIZE EXHIBITIONS AND CONFERENCES.

पूर्व स्वीकृति मिति २०८०/०६/१९ LT. No 293640 चलानी नं. ६०२०८७९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 2300 | ८१,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २९ गते (16th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Superb For Ultimate Manpower Solution Pvt.Ltd**
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal
Tel : +977-1-4521448 E-mail : info@superbultimate.com
Webiste :www.superbultimate.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : WESTINPLUS SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०८/१२ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०६/२१ LT. No. : 276597 चलानी नं.: ६०१९२२४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Helper | 20 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : YUNKU FRP SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०३/२७ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०६/२१ LT. No. : 267111 चलानी नं.: ६०१८३१०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 25 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २९ गते (16th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUHASHA LINK PVT. LTD.**
License No. : 333/059/60
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4982668, 4962338, Fax: 01-4362338



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KANE MOCHI CAFE

पुर्व स्वीकृति मिति २०८०/०६/२१ LT. No. 293637 चलानी नं. ६०२०८७९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 2 | 1300 | ४७,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Confectioner | 0 | 3 | 1500 | ५४,६१५ | | | | | | | |
| 3 | Waiter | 0 | 1 | 1400 | ५०,९७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २९ गते (16th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAAD OVERSEAS PVT.LTD.**
श्रम ईजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NANO SPOT BUILDING CLEANING LLC

पुर्व स्वीकृति मिति: २०८०/०६/१९ LT. No. 293433 चलानी नं. ६०२०८७९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Workers | 6 | 0 | 1000 | ३६,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २९ गते (16th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Amal Overseas Pvt. Ltd.**
Govt. License No. 1345/074/075
Samakhusi-26, Kathmandu, Nepal +977-1-4360015, 4366061
E-mail : info@alamaloverseas.com, alamaloverseas@gmail.com
Website : alamaloverseas.com



## फ्रि भिषा !! फ्रि टिकट !!
## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FREIGHTWATCH G PATOMOTOH SECURITY SERVICES SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०७/१७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२१ LT. No. 274712 चलानी नं. ६०१९०४३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 300 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २९ गते (16th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**R. A. International Employment Agency Pvt Ltd**
श्रम ईजाजत नं. १४०४/०७४/०७५
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035, Fax: 4016745
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAHAR MANSOUR AL- MUTAIRI CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०६/२१ LT. No.293636 चलानी नं. ६०२०८८३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1200 | ४२,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २९ गते (16th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
श्रम ईजाजत नं. ३८४/०५९/०६०
Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAWASI AL MODON READY-MIX CONCRETE COMPANY BRANCH

पूर्व स्वीकृति मिति : २०८०/०६/१७ LT. No. 293476 चलानी नं. ६०२०८८२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६३,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २९ गते (16th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: 01-4959026, 4963094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAY KEE FROZEN FOOD & TRADING SDN. BHD.

पूर्व स्वीकृति मिति २०८०/०४/१९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२१ LT. No. 290419 चलानी नं. ६०२०५६५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 19 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २९ गते (16th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD**
MINAWA RECRUITMENT HR PVT LTD
Govt.Lic. No- 1168/073/074
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: 9843030000, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

# प्रभाव दैनिक

सोमबार, २२ असोज २०८० (Monday, October 9, 2023)

## रूपशाला

### आजमा र लिलिलाई उपाधि

आजमा महर्जन र लिलि महर्जन सुवाल 'जोय मिस एण्ड मिसेस् हेरिटेज इन्टरनेसनल नेपाल २०२३'को विजेता भएका छन् । आजमा मिसतर्फको शीर्ष विजेता चुनिँदा लिलि मिसेजतर्फको विजेता घोषित भएकी हुन् । विजेता दुवैले विभिन्न अवसर र उपहार हात पारेका छन् । विजेता दुवैले आगामी नोभेम्बर महिनामा थाइल्याण्डमा हुने 'हेरिटेज पेजेन्टस् २०२३'मा नेपालको प्रतिनिधित्व गर्ने ग्रिनआर्ट मिडियाका सिइओ प्रवीन लाकौलले जानकारी दिए । हेरिटेज पेजेन्टस् युनेस्कोको ऐतिहासिक र महत्त्वपूर्ण सम्पदा सूचीमा परेका विश्वका विभिन्न मुलुकका सम्पदा र संस्कृतिको जगेर्ना तथा प्रवर्द्धन उद्देश्यले आयोजना हुँदै आएको छ ।




# 'यौटा सपनाको अवसान' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थर मिलरद्वारा लिखित 'डेथ अफ सेल्सम्यान' को नेपाली संस्करण 'यौटा सपनाको अवसान' सार्वजनिक भएको छ । ललितपुरमा शनिबार आयोजित एक कार्यक्रममा कवि तथा अनुवादक विप्लव प्रतीक, निर्देशक अनुप बराल र गोविन्द पराजुली, साउण्ड र प्रोडक्सन डिजाइन देव न्यौपाने, नाटककै कलाकारहरु दिया मास्के, विकास जोशी, सुरज मल्ल, अभिषेक खड्का र अविरल प्रताप अधिकारीले नाटकको पुस्तक सार्वजनिक गरेका हुन् । नाटक 'यौटा सपनाको अवसान' ०७९ चैतमा मण्डला थिएटरमा मञ्चन गरिएका थियो । मण्डलामा ३३ दिनसम्म चलेको नाटकको ३६ वटा शो मञ्चन गरिएको प्रकाशक वि रिडले जनाएको छ ।

विमोचन कार्यक्रममा कवि तथा अनुवादक विप्लवले नाटक मञ्चनदेखि लिखित पुस्तक बजारमा ल्याउनु खुसीको कुरा रहेको बताए । नाटक मञ्चन हुँदासम्म यसको लिखित पुस्तक बजारमा ल्याइने तय नभएको उनको भनाइ छ । 'डेथ अफ सेल्सम्यान' को अनुवाद र नाटक मञ्चन गर्नु जीवनकै उत्कृष्ट काम रहेको उनले बताए । नाटकमा आफूलाई भूमिका दिए पनि कार्यव्यस्तताका कारण आफूले गर्न नसकेको उनले सुनाए ।

निर्देशक अनुप बरालले नाटकको स्क्रिप्ट लेख्दा र मञ्चन हुँदा छुट्टाछुट्टै रुप लिने हुँदा नाटकको दुईपटक जन्म हुने गरेको बताए । 'कुनै किताबपढिसकेपछि अध्यारो कुनामा छोड्ने र फर्केर हेर्न मन लाग्दैन,' उनले भने, 'तर डेथ अफ सेल्सम्यान किताब सिरानीमा राख्न मन लाग्यो र त्यसकै नाटक मञ्चन गर्नुपर्छ भन्ने लाग्यो ।' हिन्दी भाषामा अनुवाद गरिएको डेथ अफ सेल्सम्यान पढेपछि मैले पुष्पा आचार्यलाई अनुवाद गर्न दिए पनि अनुवादको पाण्डुलिपि हराएपछि काम रोकिएको उनले सुनाए । अहिले यही पुस्तक विप्लव प्रतीकसम्म पुगेर अनुवाद भई, नाटक मञ्चन र पुस्तकसमेत सार्वजनिक भएको उनले सुनाए ।




नाटकमा लीला चरित्र निभाएकी कलाकार दिया मास्केले साइकोलोजिकल्ली लीलाको भूमिका निभाउन गाह्रो भएको सुनाइन् । घर चलाउने, हरेक सम्बन्धलाई जोड्ने भूमिकामा लीला रहेकोले मैले आफ्नो आमा, दिदी, भाउजुलगायतलाई हेरेर भूमिका निर्वाह गरेको उनको भनाइ छ । नेपालमा नाटक व्यावसायिक भइनसकेको भन्दै निर्देशक गोविन्द पराजुलीले व्यावसायिक वातावरणतर्फ बनाउनकै लागि नाटक निर्देशन सुरु गरिएको बताए ।

नाटकको स्क्रिप्टमा छलफलभएदेखि थियटरमा नाटक मञ्चनसम्म पुग्न झण्डै दुई वर्ष लागेको उनले सुनाए । यो नाटकको हरेक शो पछि शून्यता वा रित्तिएको जस्तो महसुस भएको विकास जोशीले बताए । पहिलोपटक यो नाटक सन् १९४९ मा न्युयोर्कको ब्रोडवे मा ७४२ पटकसम्म मञ्चन गरेको थियो । सन् १९४९ मै नाटक विधामा पुलिजर प्राइज प्राप्त गरेको थियो । विभिन्न उपाधि पाइसकेको यो नाटकको धेरै फिल्मसमेत बनिसकेका छन् । नेपाल, अमेरिका, बेलायत, जर्मनी, चीन र भारतलगायत धेरै मुलुकमा आ-आफ्नै भाषामा नाटक मञ्चन भइसकेको वी रिडले जनाएको छ ।

# प्रस्तावित विधेयकमा चलचित्रकर्मीको असन्तुष्टि

**काठमाडौं (प्रस)–** 'चलचित्रसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको मस्यौदा २०८० ' का केही बुँदाहरूमा असहमति रहेको चलचित्रसँग सम्बन्धित संघसंस्थाले निष्कर्ष निकालेका छन् ।

नेपाल चलचित्र निर्माता संघको नेतृत्वमा चलचित्र निर्देशक समाज, चलचित्र संघ, कलाकार संघ, प्राविधिक संघलगायत आठ संस्थाले प्रस्तावित विधेयकमा रहेका त्रुटि र असहमतिका विषयमा चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीको ध्यानाकर्षण गराउँदै आफ्नो असहमतिबारे जानकारी गराएका छन् ।

प्रस्तावित विधेयकलाई स्वीकार गर्न नसकिने निष्कर्षसहित असहमतिका बारेमा जानकारी गराइएको निर्माता संघका अध्यक्ष नवल खड्काले बताए । 'चलचित्रकर्मीको सहमति, सहभागिता, भावना र पेसागत सुरक्षाको प्रत्याभूतिविना परिकल्पना गरिएको यो विधेयक अघि नबढाउन माग गरेका हौं,' उनले भने, 'बोर्डको स्वायत्ताभन्दा बाहिर गएर बनाइएको विधेयकले चलचित्र क्षेत्रलाई कुनै फाइदा पुग्दैन ।'

आफ्नो असहमतिका विषयमा जानकारी गराइएपछि सकारात्मक संवाद भएको कलाकार संघका अध्यक्ष मोहन निरौलाले जानकारी दिए । उनले भने, 'छलफल र कुराकानी सकारात्मक भएको छ । हामीले असहमति जनाएको विषय सम्बोधन हुनेमा आशावादी छौं ।' चलचित्र विकास बोर्डले विधेयकको मस्यौदा वेबसाइटबाट सार्वजनिक गर्दै सुझावसमेत मागेको थियो ।

# नागार्जुनको 'सुप्रभात काव्यगोष्ठी'

**काठमाडौं (प्रस)–** नागार्जुन साहित्यिक प्रतिष्ठानको मासिक शृंखला 'सुप्रभात काव्यगोष्ठी'मा जीवनबोधी सिर्जनामा जोड दिइएको छ । हरेक महिनाको तेस्रो शनिबार हुने कार्यक्रममा समालोचक एवं साहित्यकार प्रा.डा. रामप्रसाद ज्ञवालीले आत्मसन्तुष्टिका लागि लेख्छु भन्नेहरूले समाजका लागि कुनै सन्देश दिन नसक्ने बताए ।

साहित्यकार ज्ञवालीले स्रष्टाले जीवनवोधी सिर्जना गरेर निराशामा परेका मानिसलाई आशा र ऊर्जामा रुपान्तरण गर्न सक्नुपर्ने बताउँदै लोकतान्त्रिक गणतान्त्रिक आदोलनमा नागार्जुनको भूमिकाको प्रशंसा गरे । उनले परिवर्तनपछि पनि राजनीतिक नेतृत्वको व्यवहार समाजवादोन्मुख हुन नसकेकामा चिन्ता व्यक्त गरे ।

कार्यक्रममा कविहरू कविराज पौडेल, सुशीला प्रधानांग, हीरा शर्मा, दिल पौडेल, वैरागी जेठा, प्रकाश सिलवाल, युवराज नास्तिक, केशव घिमिरे, सुशीला शर्मा, रामदेव पाण्डे, भावकेशव बराल, सुजिता अविरल, अर्पण खड्का, प्रतिभादेवी न्यौपाने, निर्मला अधिकारी, वैकुण्ठ बेल्वासे, कल्पना न्यौपाने, विष्णुहरि देवकोटा, लीलाराज पहाडी, लक्ष्मणदेव पाण्डेले रचना वाचन गरे । प्रतिष्ठानका अध्यक्ष दिल पौडेलले मुलुकमा बढ्दै गएको भ्रष्टाचार र बेथितिविरुद्ध स्रष्टाहरू पुनः संघर्षमा उत्रनुपर्ने स्थिति आएको बताए ।

# 'कुरैकुराको खेती' लोकार्पित

**गण्डकी (प्रस)–** लेखक शिव सस्मितको हास्यव्यंग्य निबन्ध संग्रह 'कुरैकुराको खेती' लोकार्पण गरिएको छ । विश्व नेपाली साहित्य महासंघ, गण्डकी प्रदेश समितिद्वारा आयोजित 'भर्चुअल' कार्यक्रममा लेखक स्वयंले कृतिको लोकार्पण गरे ।

भुँडीपुराण प्रकाशनले पाठकमाझ ल्याएको उक्त कृतिमा १३ वटा निबन्ध संग्रहित छन् । समीक्षक रामप्रसाद सुवेदीले लेखक सस्मितबाट नेपाली हास्यव्यंग्य साहित्यले गहकिलो पुस्तक पाएको धारणा राखे । 'हास्य गुणले ओतप्रोत छोटा र चोटिला निबन्ध यस पुस्तकमा छन्, पढ्दा कुनै पट्यार लाग्दैन,' उनले भने, 'नेपाली समाजका विकृति र विसंगतिप्रति सजीव ढंगले कटाक्ष गरिएको छ । निबन्धमा प्रयुक्त भाषा र शैली पनि मौलिक छ ।'


## Isma Rural Municipality
## Office of the Rural Municipal executive
Isma rajasthal, Gulmi

## Invitation for electronic Bids

**First Date of Publication: 09th October, 2023 (22th Aswin, 2080)**

1. Isma Rural Municipality, Isma rajasthal, Gulmi invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works under NCB for S.N. 1, name and identification of contracts are mentioned below though the details are in the bidding document.

| S. N. | Contract Identification No. | Description of work | estimated Amount (excluding Vat & PS) | Bid Document Fee Amount | Bid Security Amount / Valid date | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | OIRM/GUL/ NCB/ 080/81-6 | Nisti Dosro Khanepani Yojana (Karmagat) Location of the Work: Ward No. 1,3,4 & 5 | 12,499,635.99 | NRs. 3000.00 | NRs. 3,45,000.00 120 Days | 08th November, 2023 12:00 Noon | 08th November, 2023 13:00 Noon |

| Bank Name | Name of Office | Revenue Acount Name & No. | Deposit Acount Name & No. |
|---|---|---|---|
| Global IMe Bank Limited. Isma, Gulmi | Isma Rural Municipality Gulmi Ismarajasthal, Gulmi | Ga-1.1 Antarik Rajashwo Khata 357040100 00006 | Ga-3 Sthaniya Taha Dharauti Khata (isma Ga.pa) 35704010000004 |

2. Tender Procedures shall follow public procurement act 2063 and public procurement regulation 2064 along with recent amendments.
3. Bid Submitted in hardcopy shall not be accepted.
